मुलुकी
सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
राष्ट्रिय दैनिक
माझखर्क साप्ताहिकको सह-प्रकाशन
खबर

**बितरक चाहियो**
त्रियुगा नगरपालिका उदयपुरको वडा नम्बर ९ राटमाटे, वडा नम्बर १० बोक्स, करमगाछी र नयाँबस्ती क्षेत्रमा मुलुकी दैनिक पत्रिका बितरण गर्ने बितरक चाहियो। सम्पर्क - ९८४२९८५१८८

■ बर्ष-१५, ▸▸ अंक ३२८ ▸▸ असार ३ बिहिबार,२०७८, June – 16 Thaursday ,2021,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. ५/- www.majhkharka.com



**सोलार डुबानमा।** त्रियुगा नगरपालिका १२ पुरानो गाईघाट बुद्धचोक नजिक त्रिवेणी चोकमा रहेको सडक सोलार बत्तीको सोलार प्यानल हावाले उडाएपछि जमिनमा अलपत्र अवस्थामा रहेको छ। नगरपालिकाको बेवास्ताका कारण वर्षा सुरु भएसँगै सोलार प्यानल पानीमा डुब्ने गरेको छ।
*तस्विरहरु - बुद्धि कुमार राई*

# कोविड अस्पताललाई गोर्खा समेस्ट्रीजको सहयोग

❖ मुलुकी संवाददाता



**चौदन्दीगढी, असार २**
गोर्खा समेस्ट्रीज ट्रष्टले उदयपुर कोबिड अस्पताल बेलटारलाई स्वास्थ्य सामाग्री सहयोग गरेको छ। बुधबार जिल्ला कोबिड हस्पिटल बेल्टारमा आयोजित एक कार्यक्रममा ट्रष्टका अध्यक्ष महेन्द्र राईले ४ थान पोर्टेबल भेन्टिलेटर अस्पताललाई प्रदान गरेका हुन।

उक्त सहयोग गोर्खा सेमिट्रीज ट्रष्ट हङकङ र सामाजिक अभियन्ता युवाद्वय युकेश राई र सञ्जय राईको पहलमा हङकङलगायत विभिन्न देशमा बसोबास गर्ने नेपालीहरुको आर्थिक सहयोगमा उपलब्ध भएको अध्यक्ष राईले बताए। करिब ४ लाख रुपैंया बराबरको स्वास्थ्य सामग्री अस्पताललाई सहयोग प्राप्त भएको हो।

कार्यक्रममा अध्यक्ष राईले जिल्ला समन्वय समितिन प्रमुख खड्ग दर्नाल, उपप्रमुख गंगा राई, उदयपुर विकास बोर्डका अध्यक्ष तथा त्रियुगा नगरप्रमुख बलदेव चौधरी, चौदण्डीगढी नगरप्रमुख खगेन्द्र राई र डा. राकेश कर्णलाई स्वास्थ्य सामाग्री हस्तान्तरण गरे। ट्रष्टले नेपालभरका बिभिन्न अस्पताललाई ५० वटा पोर्टेबल भेन्टीलेटर प्रदान गरेको राईले बताएका छन्।

उनका अनुसार जनकपुर, म्याग्दी, बाग्लुङ, पोखरा, लुम्बिनी, दाङ, काठमाडौं, बिरगञ्ज, मोरङ, गोर्खा, धरान, ताप्लेजुङ, बुटवल र उदपुरलाई भेन्टीलेयर प्रदान गरिएको छ।

**सच्याइएको** अघिल्लो दिन प्रकाशित समाचारमा प्रदेश १ सरकारको बजेट ३२ अर्ब ४६ करोड ९२ लाख हुनुपर्नेमा अध्यथा भएकाले सच्याइएको छ। *-संपादक*




# मदन भण्डारी सडक: भातीखर्क डुबान

❖ मुलुकी संवाददाता

**बहेडवा, असार २**
निर्माणाधीन मदन भण्डारी लोकमार्गको गाईघाट(बेलटार खण्डमा नियमानुसार नाला निर्माण नहँदा सदरमुकाम नजिकैको एउटा बस्ती डुबानमा पर्ने खतरा बढेको छ। त्रियुगा नगरपालिका १३ भातीखर्कस्थित बरपिपल चौकसम्म बनेको नाला त्यसभन्दा पूर्वतर्फ नबनाइएकाले निकास जान नपाउँदा पुरै बस्ती डुबानको खतरामा पुगेको स्थानीयको गुनासो छ।



बरपिपल चोकस्थित झण्डै १ सयमिटर पूर्वतर्फ सडकको उत्तरपटि नाला बनाइएको छैन। नाला नबनेकाले वर्षायाममा पानी जमेर पश्चिमपटिको बस्ती डुबानमा पर्न थालेको स्थानीय भोला भट्राईले बताए। भट्राईका अनुसार बुधबार १ डेढघण्टा लामो वर्षामै पश्चिमर्फको नालामा पानी भरिएपछि बस्ती डुबान सुरु भएको छ।

पूर्वतर्फ निकास जाने नाला नबनाएकाले पानी जमेर -बाँकी ३ पेजमा

# माटेखाडीमा कल्भर्ट बन्यो

❖ महेन्द्र राई



**बेलटार, असार २**

चौदण्डीगढी नगरपालिका ७ स्थित माटेखाडी खोलामा कल्भर्ट निर्माण सम्पन्न भएको छ। नगरपालिका र स्थानीयबासीको संयुक्त लगानीमा माडीबास टोलदेखि पश्चिम तथा बेलटार बजारदेखि पूर्वोत्तरमा रहेको खोलामा कल्भर्ट निर्माण भएको निर्माण उपभोक्ता समितिले जनाएको छ।

कल्भर्ट बनाउनका लागि नगरपालिकाले चालु आर्थिकवर्ष बिनियोजन गरेको १६ लाख रुपैंयामा स्थानीको १ लाख बराबरको श्रमदानसमेत गरी १७ लाख लागतमा कल्भर्ट निर्माण भएको बाटउपभोक्ता समितिका अध्यक्ष देवीराज राईले बताए। उनका अनुसार हरेक बर्खायाममा आउने भेलबाढीले पीडित हुँदै आएका स्थानीयबासीलाई कल्भर्ट निर्माणपछि राहत मिल्ने छ।

बर्खायाममा माटेखाडी खोलामा आउने बाढीले वर्षौंदेखि स्थानीय पीडित हुँदै आएका थिए। वर्षेनी आउजाउमा अवरोध गर्नुका साथै मान्छेसमेत बगाउने गरेको खोलामा कल्भर्ट हाल्नका लागि स्थनीयले चर्को माग गरेपछि नगरपालिकाले बजेट बिनियोजन गरिदिएको हो। बिनियोजित बजेटबाट एकै महिनामा काम सम्पन्न गरेर कल्भर्ट तयार गरेको वडाध्यक्ष तेजराज तिम्सीनाले बताए।

कल्भर्ट निर्माण भएपछि स्थानीयबासीलाई नगरपालिका केन्द्र बेलटार र सदरमुकाम गाईघाट आउजाउ गर्न सहज भएको छ। कल्भर्ट बनेपछि स्थानीयलाई हरेक बिहीबार बेलटारमा लाग्ने हटिया गएर आवश्यक उपभोग्य सामग्री खरिद गरी ल्याउन तथा गाउँघरमा उत्पादित कृषि उपज लगेर बेच्न सहज भएको स्थानीय बलधन राईले बताए।

## मदन...

बस्तीमा पसेको उनले बताए। छोटो वर्षाले नै नाला भरिएर पानी जम्दै बस्ती छिरेपछि डुबानको खतरा बढेको भट्टराईले बताए। सडकको उत्तर (भित्ता)पटि चोकसम्म नाला निर्माण गरिएको छ तर, चोकदेखि पूर्व भातीखर्क खोलामा निर्मित पक्की पुलसम्म झण्डै १ सय मिटर खण्डमा नाला नबनाइएकाले यस्तो समस्या आएको हो।

लोकमार्ग निर्माण र कालोपत्रे गर्ने क्रममा लोकमार्गका प्राविधिक र ठेकेदार कम्पनी प्रतिनिधिसँग पुलसम्मै नाला बनाउन आग्रह गरे पनि आनाकानी गरेकाले यस्तो समस्या आएको भट्टराईको गुनासो छ। ठेकेदारले बेवास्ता गरेपछि संभावित खतरातर्फ सचेत हुँदै त्रियुगा नगरपालिकालाई पनि नाला निर्माण गर्न आग्रह गरेको तर, बजेट अभाव छ भन्दै चासो नदिएको गाउँलेको भनाई छ।

'हामीले कतिपटक ठेकदारलाई भन्यौं, मेयरलाई पनि गुनासो सुनाउँदै नाला बनाउन आग्रह गर्‍यौं' भट्टराईले भने 'अहिले हेर्दाहेर्दै बर्खा सुरु भयो, चोकसम्मको नाला भरिएर बस्ती नै डुबानमा पार्ने समस्या पैदा भएरै छाड्यो।' डुबानले घर गोठलाई त असर गरेकै छ, खेतबारीमा लगाएको अन्नबाली र तुलफुल पनि विनाश गर्ने भएकाले स्थानीय किसानलाई दोहोरो घाटा हुन पुगेको स्थानीयबासीले बताएका छन्।

## युरो...


भौगोलिक रुपमा सिमाना जोडिएको छिमेकी देशलाई हराउँदै तीन अंक जोडेको स्लोभाकिया समुहको शिर्षास्थानमा उक्लिएको छ। स्लोभाकिया र पोल्याण्डको खेलपछि यहि समुहमा स्पेन र स्वीडेनले गोलरहित बराबरी खेल्दै एकएक अंक बाडेका छन्।

नेपाली समयानुसार मंगलबार बिहान १२:४५ बजेदेखि सुरु भएको खेलमा स्पेनले खेलअवधिभर स्वीडेनलाई पुरा दबाबमा राखेपनि जीत हातपार्न सकेन। स्पेनले ८६ प्रतिशत बल आफ्नो पक्षमा नियन्त्रणमा राख्न सकेको थियोभने स्वीडेनले मात्र १४ प्रतिशत बल पोजेसेन राखेको थियो। युरोकपमा तीनतीन पटकको विजेता स्पेन र जर्मनी सर्वाधिक सफल टोली हुन्। यही जुन ११ देखि आउँदो जुलाइसम्म सञ्चालन हुने प्रतियोगिता कोरोनाको कारण सन् २०२० मा हुन सकेको थिएन।

कोरोनाकै कारणले केहि सीमित दर्शकलाई प्रवेशमा अनुमति दिएर प्रतियोगिता सञ्चालन गरिएको छ। विगतमा एक वा दुई निश्चित देशमा प्रतियोगिता सञ्चालन गरिँदै आएपनि यसपटक कोरोनाको कारण विभिन्न एघार देशमा खेल खेलाइनेछ। उता कोपा अमेरिका कपमा अर्जेन्टिना र चिलिले १/१ को बराबरी खेल्दा पाराग्वेले बोलिभियालाई ३/१ ले हरायो।




सगरमाथा डिपाटमेन्ट स्टोर गाईघाट




नारायणी ग्याँस
गाईघाट,डिलर, उदयपुर






नारायणी ग्याँस
गाईघाट,डिलर, उदयपुर

बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण।

खाना पकाउने ग्यास (एल.पी. ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी

नेपाल आयल निगम लि. को

## अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्ताहरुमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ल्याउदा सिलबन्दी हेरेर मात्र ल्याउनुहोस् । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुनाएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर, पाइप, चुल्होजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सँधै झ्याल ढोका खुल्ला राखौं र चुलोको नजिक मात्र खाना पकाउने गरौं

### ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको गन्ध आइरहेको छ भने ग्यास चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्यास लिक भएमा पहिले रेगुलेटरको र पछि चुलोको नब बन्द गरौं ।
२. झ्याल ढोका खुल्ला राखौं र भित्रका बिजुली बत्तीहरु ग्यास चुहावट भएको ठाउँमा सलाई, लाइटर, धुप आदि नबालौं । विद्युतीय उपकरणको प्रयोग नगरौं ।
३. ग्यास लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाई बाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्यास विक्रेता अथवा ग्यास उद्योगमा सम्पर्क गरौं ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो !"*

उपभोक्ता जनहितका लागि जारी

**नेपाल आयल निगम लि.**

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१

## मदन भण्डारी राजमार्ग
### योजना कार्यालय गाईघाट

## सार्वजनिक महत्वको सूचना !

सार्वजनिक सडकमा निर्वाधरुपमा आवागमन गर्न पाउनु सबैको नैसर्गिक अधिकार हो । तसर्थ यसको सम्बर्द्धन, सम्भार एवं सुरक्षा गर्नु पनि हामी सबैको साझा कर्तव्य हो । सडक सीमा अतिक्रमण गरी घर टहरालगायतका अस्थायी एवं स्थायी संरचनाहरु निर्माण गर्नु सार्वजनिक अपराध हो । साथै यातायात आवागमनमा बाधा पुग्ने, सडक सीमाभित्र निर्माण सामग्रीहरु थुपार्ने कार्य, फोहोर मैला डम्प गर्ने कार्य, सडकमा नै सवारी साधनहरु धुने आदि कार्य नगरिदिनुहुन तथा सडकमा लिकेज भएका खानेपानी तथा ढलका पाईपलाईनहरु सम्बन्धित निकायबाट यथासिघ्र मर्मत तथा सम्भार गरिदिनु भई सडक संरक्षण गर्ने कार्यमा सहयोग गरिदिनु सहयोग गरिदिनु हुन सबै सरोकारवाला व्यक्ति तथा निकायलाई हार्दिक अनुरोध गर्दछौं ।

*आयोजना प्रमुख*

## NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामूलक सन्देश

### नोबेल कोरोनाभाइरसका मुख्य लक्षणहरू

ज्वरो
श्वास प्रश्वासमा आकस्मिक समस्या
रुघा र खोकी

### नोबेल कोरोनाभाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने
खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने
यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने
जंगली तथा घरेलु पशुपन्छीहरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने
पशुजन्य मासु/अण्डा राम्रोसँग पाकेको मात्र खाने

**कर्णमाया घले**
वडाध्यक्ष
**उदयपुरगढी गाउँपालिका वडा नं. -७ उदयपुर**

## NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामूलक सन्देश

### नोबेल कोरोनाभाइरसका मुख्य लक्षणहरू

ज्वरो
श्वास प्रश्वासमा आकस्मिक समस्या
रुघा र खोकी

### नोबेल कोरोनाभाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने
खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने
यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने
जंगली तथा घरेलु पशुपन्छीहरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने
पशुजन्य मासु/अण्डा राम्रोसँग पाकेको मात्र खाने

**इन्द्रबहादुर राउत**
वडाध्यक्ष
**उदयपुरगढी गाउँपालिका वडा नं. -२ उदयपुर**

# युरोकपमा पोल्याण्ड स्तब्ध

❖ बिबेक राई

*गाईघाट, असार २*
यूरोपमा जारी १६ औँ यूरोपियन फुटबल च्याम्पियनसिपमा स्लोभाकियासँग पोल्याण्ड २(१ ले स्तब्ध भएको छ । सोमबार मध्य रातितिर सम्पन्न खेलमा विभिन्न पाँच कारणहरुले पोल्याण्ड स्तब्ध बनेको हो । गोलरक्षक वोजेक स्टेन्सथ र स्ट्राइकर रोबर्ट लेवेन्डोस्की जस्ता चर्चित खेलाडी, खेलअवधिभर बल नियन्त्रणमा ज्यादा पकड राख्नु, फिफा वरियतामा आफू माथि हुनु, आत्मघाती गोल र आफ्ना एक खेलाडीले रातो कार्ड पाउनुजस्ता विभिन्न कारणले पोल्याण्ड स्तब्ध बन्यो ।

वर्तमान टोलीमा मात्र तीन स्ट्राइकरर अधिकांश खेलाडी मिडफिल्डर रहेको स्लोभाकियासँग त्यति नाम चलेको खेलाडी छैन । उता पोल्याण्ड भने चर्चित खेलाडी लेवेन्डोस्कीको कप्तानीमा मैदान उत्रेको थियो । उनी जर्मनीको बार्यन म्युनिख क्लबबाट व्यावसायिक फुटबल खेल्छन् । गोलरक्षक वोजेक ईटालीमा क्रिश्चियानो रोनाल्डोसँग युभेन्टस क्लबबाट खेलिरहेका छन् । फिफा वरियतामा स्लोभाकियाभन्दा पोल्याण्डमाथि छ । पोल्याण्ड २१ औँ स्थानमा छ भने स्लोभाकिया ३६ औँ स्थानमा छ ।




तर १८ औँ मिनेटमा पाएको आत्मघाती गोलको उपहारसँगै स्लोभाकिया खेलमा छिट्टै अग्रता लिन सफल भयो । मिडफिल्डर रोबर्ट म्याकले गरेको साँघुरो एंगलको प्रहारलाई पोल्याण्डका गोलरक्षक वोजेकले रोक्ने प्रयासमा आत्मघाती गोल भएको थियो । वोजेकले लडेर बल पक्रनु खोज्दा बल पोलमा लागेर उनको पाखुरामा लाग्दै पोष्टभित्र छिरेको थियो । रुसको सेन्ट पिटर्सबर्ग क्रेस्टोभ्सकी रंगशालामा दोस्रो हाफको सुरुमै गोल गर्दै पोल्याण्डले खेलमा फर्कने कोसिस पनि गरेको थियो ।

४६ औँ मिनेटमा कारोल लिनिटिले गोल गरेपछि ३(१(४(२ को रणनीतिमा मैदान उत्रेको पोल्याण्डको खेलमा फर्कने छाँट देखियो । तर ६२ औँ मिनेटमा एक खेलाडीले रातो कार्ड पाएपछि पोल्याण्ड दश खेलाडीमा खुम्चिनुपऱ्यो । त्यहि नै पोल्याण्ड हार्नुको टर्निङ प्वाइन्ट भयो । गेरगोर्ज क्रिहोबियकले दोहोरो पहेँलो कार्ड खाँदै मैदान छाड्नु परेको थियो । उनले ज्याकुब रुमडामाथि फाउल गरेपछि रोमनियाका रेफ्री ओभिडिउ हेटगनले दोहोरो पहेँलो कार्ड देखाउदै रातो कार्ड दिएका थिए । उनले यसअघि २२ औं मिनेटमा सोहि खेलाडीमाथि फाउल गर्दा पहिलो पहेँलो कार्ड पाएका थिए । पोल्याण्ड दश खेलाडीमा सीमित भएको सात मिनेटमा नै स्लोभाकिया फाइदा उठाउन सफल - *बाँकी २ पेजमा*

## २०४५ साल मंसिर १ गतेदेखि निरन्तर ग्राहकको सेवामा

# बिके किराना पसल

३३ वर्ष अघि
२०४५ साल मंसिर
१ गतेदेखि
ग्राहक को सेवामा




माझखर्क साप्ताहिकको सह-प्रकाशन..
मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट